# टेम्केमैयुङ गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड : ७ | संख्या : ४ | मितिः २०८०/१२/२५ |
|---|---|---|

## भागः२

# टेम्केमैयुङ गाउँपालिकाको

## कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

### प्रस्तावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को **दफा** १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी टेम्केमैयुङ गाउँ  कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

# टेम्केमैयुङ गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१२/२५
प्रमाणीकरण मितिः २०८०/१२/२५

**१. प्रस्तावनाः** कोशी प्रदेश स्थानीय सेवा गठन सजालन ऐन, २०८० मा गरिएको तहवृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न बान्छानिय भाएकाले स्थानीय सेवा (गठन तथा संंचालन ऐन, २०८० को दफा १५१ ले दिइएको अधिकार प्रयोग गरी टेम्केमैयुङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/१२/२५ गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

**२. सक्षिप्त नाम र प्रारम्भः**

१. **यो कार्यविधिको नाम**ः टेम्केमैयुड गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० रहेको छ।

२. प्रारम्भ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) **"ऐन"** भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा संचालन ऐन, २०८० सम्झनु पर्छ।

(२) **"कार्यविधि"** भन्नाले टेम्केमैयुङ गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि २०८० लाई सम्झनु पर्दछ।

(३) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(४) **"गाउँपालिका"** भत्राले टेम्केमैयुङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

(२) **"कार्यालय"** भन्नाले टेम्केमैयुड गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

६) **"गाउँ कार्यपालिका"** भन्नाले टेम्केमैयड गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झन्

पर्दछ।

७) **"कर्मचारी"** भन्नाले टेम्केमैयुङ गाउँपालिकाको स्थानीय सरकारी सेवाको पदमा बहाल रहेका स्थायी, अस्थायी र करारका कर्मचारीलाई सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई टेम्केमैवुड गाउँपालिकामा समायोजन भएका कर्मचारी समेतलाई जनाउँदछ ।

(८) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले टेम्केमैयुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

९) **"तह वृद्धि"** भन्नाले ऐनको दफा ४ दफा ८ दफा २७ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

(१०) **"प्रदेश लोकसेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

(११) **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस

समितिलाई सम्झनु पर्दछ ।

(१२) **"प्रदेश किताबखाना"** भन्नाले कोशी प्रदेश निजामती किताबखाना लाई सम्झनु पर्छ ।

(१३) **"परामर्श"** भन्नाले प्रदेश लोकसेवा आयोग कोशीबाट मिति २०८१/०१/१३ गते प्राप्त परामर्शलाई सम्झनु पर्दछ ।

(१४) **"समायोजन ऐन"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्छ ।

**४. सूचना प्रकाशित गर्ने :** यो कार्यविधि बमोजिम टेम्केमैयुङ गाउँपालिका अन्तर्गत स्थानीय सरकारी सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि कार्यालयले प्रत्येक वर्षको मंसिर/जेठ मसान्तमा महिनाको म्याद राखी तह वृद्धिको लागि आवेदन पेश गर्न सूचना प्रकाशित गर्नेछ ।

(२) उपदफा १ बमोजिम दरखास्त दिदा अनुसुची १ बमोजिमको ढाँचामा देहायका कागजातहरु संलग्न गरि तोकिएको म्याद भित्र गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दिनु पर्नेछ।

(क) स्थायी नियुक्ति पत्रको प्रतिलिपि,

(ख) हालको पदमा तह वृद्धि बढुवा भएको भए सो को प्रतिलिपि,

(ग) समायोजन भएको पत्रको प्रतिलिपि समायोजन भएका कर्मचारीको हकमा मात्र,

(घ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(ङ) न्यूनतम शैक्षिक योग्गता प्रमाणपत्रको प्रतिलिपि,

(३) उपदफा १ बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ।

**५. निवेदन दिनु पर्ने:** (क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेदिएको सक्कल निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

(घ) विभागिय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेशा सम्बन्धी व्यवसायिक परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि आवश्यक हुनेको हकमा मात्र।

(च) तहवृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु

**६. सिफारिस समितिः**

१ टेम्केमैयुङ गाउँपालिकामा कार्यरत कर्मचारीको तहवृद्धि गर्न ऐनको दफा २७ को उपदफा ४ बमोजिम देहायको तहवृद्धि सिफारिस समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

ख. कार्यपालिकाले तोकेको १ महिला सहित २ जना कर्मचारी -सदस्य

२) समितिको सचिवालयको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ।

३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. आवश्यक न्युनतम योग्यता र सेवा अवधिः**

१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौ तहबाट छैटौं तह, सातौ तहबाट आठौं तह र नवौ तहबाट दशौ तहमा तह वृद्धि गर्दा तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएका, पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समुह वा उपसमुह भित्र तह वृद्धि गरिने छ ।

२) उपदफा (१) बमोजिम तहबृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन तर समायोजनका बखत तोकिएको अवधि नपुगि तहबुद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

**८. तह वृद्धि सम्बन्धी विशेष व्यवस्था :** (१) ऐनको दफा ४ (५) बमोजिम स्थानीय तहको चौथो, पाचौं, तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोन भइ सोही पदमा कार्यरत रहेका हालसम्म तहवृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पदमा यो ऐन जारी हुँदा सम्म तीन वर्ष सेवा अवधि पुगेमा स्वत एक तह वृद्धि गरिनेछ । निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो तह स्वत खारेज भई तल्लो तहको पदपूर्ति गरिनेछ ।

२) ऐनको दफा ८ को उपदफा (१६) वमोजिम निजामती सेवा वाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोन भइ सेवा अवधि ५ वर्ष पुरा गरेमा पाचौं, सातौं, र नवौं तहमा कार्यरत कर्मचारीलाई ऐनको दफा २७ को प्रक्रिया पूरा गरि क्रमश छैटौं, आठौं र दशौ तहमा एक तह वृद्धि गरिनेछ ।

३) ऐनको दफा ८ को उपदफा (१६) बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृतस्तर छैटौ र आठौं तहको पदमा स्थायी नियुक्ति भइ स्थानीय तहको सोही तहको पदमा कामकाज गरिरहेका र निजामती सेवा बाहेकवाट समायोन भई आएका र एकपटक पनि तहवद्धि सुविधा नपाएका कर्मचारीलाई माथिल्लो तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा दफा २७ को उपदफा ४ बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारवालाले एकपटकका लागि स्थानीय सरकारी सेवाको क्रमश अधिकृत सातौं र नवीं तहमा बढुवा गरिने छ ।

४। संघीय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्धारा स्थानीय सेवाको छैटौ तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारबालाले सातौ तह मिलान गरि दिने । यसरी सातौं तह मिलान गर्नुपुर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नुपर्नेछ ।

५) ऐनको दफा ४ को उपदफा (४) बमोजिमको तहवृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरि नियुक्ति पत्र दिनेछ ।

६. कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः कोशी प्रदेश वाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरवन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तहवृद्धि हुनेछ । एक स्थानीय तहबाट अको स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तहवृद्धि गरिने छ ।

**९. जेष्ठता कायमः** (१) ऐनको दफा २७ को उपदफा (१) बमोजिम तहवृद्धिको निर्णय गर्दा कुन मितिबाट जेष्ठता कायम हुने गरी गर्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभई दुविधा भएको विषयमा नेपालको संविधानको मर्म बमोजिम संघीय शासन प्रणालीमा कानुनको तहगत श्रृङ्खलालाई आत्मसात गर्दै प्रदेश निजामती सेवाको प्रमुख कर्मचारी व्यवस्थापक निकायको रुपमा रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमतीमा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा (३) बमोजिम जेष्ठता कायम हुने गरी तहवृद्धि गर्नुपर्नेछ ।

**१०. बाधा अड्डन फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**११. तहवृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ४ बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैन।

क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख) तहवृद्धि वा बढुवा रोक्का भएकोमा तहवृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

ग) तलबवृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

घ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

**१२. तहवृद्धि गर्न पर्नेः** कानून बमोजिम तहवृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तहद्धिको लागि ऐनको दफा २७ को उपदफा ४ बमोजिमको समितिले दरखास्त दिने स्याद सकिएको ७ दिन भित्र तहवृद्धिको लागि सिफारिस गरि सक्नु पर्ने छ । र सो सिफारिस प्राप्त भएको सात दिन भित्र ऐनको दफा २७ (३) वमोजिम कार्यपालिकाले निर्णय गरि नियमानुसार तहवृद्धिको पत्र दिनु पर्नेछ ।

**१३. सार्वजनिक गर्नेः** तहवृद्धि भएका कर्मचारीहरुको विवरण आफ्नो सूचना पार्टी र वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

**१४. सचिवालयः** तहवृद्धि सम्बन्धी कार्य गर्न टेम्केमैयुड गाउँपालिकाको प्रशासन शाखाले सचिवालयको काम गर्नु पर्नेछ ।

**१५. जानकारी दिनुपर्नेः** यस कार्यविधि बमोजिम गरेको बढुवा र तहवृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश कितावखाना र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ ।

**१६. उजुरी/गुनासोः** तहवृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१७. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१८. खारेजी र बचाउः** यस कार्यविधि प्रारम्भ हुनु भन्दा पहिले रहेको कर्मचारीको तहवृद्धि सम्बन्धी कार्यविधि/निर्देशिका स्वतः खारेज भइ उक्त कार्यविधि बमोजिम भए गरेको कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले
विकेन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(कार्यविधिको दफा ३ सँग सम्बन्धित)

<u>तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा</u>

मिति

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
तह वृद्धि सिफारीस समिति

विषयः तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि सिफारीस समितिको मिति ....................गते प्रकाशित सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

<u>तपसिल</u>

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपी,
२. हालको पदमा तह वृद्धि बढुवा भएको भए सोको प्रतिलिपी,
३. समायोजन भएको पत्रको प्रतिलिपी (समायोजन भएका कर्मचारीको हकमा मात्र),
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,
५. न्युनतम शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी ।

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मिति |
| पदः | हालको पदमा तहवृद्धी/बढुवा मिति |
| तहः | समायोजन मिति |
| सेवाः | कर्मचारी संकेत न. |
| समुहः | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

<u>निवेदक</u>

नामः

दस्तखतः

क.स.नम्बरः

अनुसूची २

(कार्यविधिको दफा ९ सँग सम्बन्धित)

<u>तह बुद्धि पत्रको ढाँचा</u>

पत्र संख्याः मितिः

चलानी नं.

विषयः ............तहवृद्धि/मिलान गरिएको सम्बन्धमा ।

तपाईंलाई कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा संचालन ऐन, २०८० को दफा.......... को उपदफा........र टेम्केमैयुड गाउँपालिकाको कर्मचारीको तहवृद्धि सम्बन्धी कार्यविधि २०८० को दफा..... उपदफा...... मा भएको व्यवस्था बमोजिम यस कार्यालयको मिति.......................गतेको तहवृद्धि निर्णयानुसार सुरु नियुक्ति मिति/प्रचलित कानुन बमोजिम ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहवृद्धि गरि तह कायम गरिएको छ । ..........तह कायम हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना गर्दछु ।

तपसिलः

| सावकिको सेवा/समूह, तह र पद | हाल कायम गरिएको सेवा/समूह, तह र पद |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समुहः | समुहः |
| कार्यरत कार्यालय : | कार्यरत कार्यालयः |

श्री...........................

कर्मचारी सकेत नम्बरः

बोधार्थ :

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर मोरङ्ग ।
श्री राष्ट्रिय किताबखाना निजामती पुल्चोक, ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, विराटनगर, मोरङ्ग ।
श्री प्रदेश किताबखाना, विराटनगर मोरङ्ग ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, भोजपुर ।
श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग।
श्री आर्थिक प्रशासन शाखा टेम्केमैयुङ गाउँपालिका, गाउँ कार्यपालिको कार्यालय।